बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था
स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा
भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट
मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।
खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म
सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

कोभिड संक्रमणबाट सचेत रहौं
- कोरोना संक्रमणको जोखिम कायमै छ ।
- यसले कुनैपनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा नजाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : ०२८ ॥ २०७८ फागुन १५ गते आइतबार (27th Feb 2022 Monday) **Pratidin** National Daily dNo-?-%÷-

# कोचको मुद्धा उठाउँछु – मन्त्री सरावगी




***झापा (प्रस) ।*** प्रदेश सरकारका भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्री ओमप्रकाश सरावगीले आफूले प्रदेश सरकारको अधिवेशनमा कोच राज्यको नामकरणका बारेमा आवाज उठाउने बताएका छन् ।आदिवासी भूमिपुत्रहरुको पुरानो बसोबासस्थल भएकाले कोचहरुको पहिचान समेट्ने गरी कोच राज्य नामकरणको लागि आफ्नो भूमिका रहने उनको भनाई छ । राजवंशी विकास प्रतिष्ठानको प्रथम साधारणसभा तथा प्रथम अधिवेशनलाई बिर्तामोडमा उद्घाटन गर्दै प्रदेश सरकारका मन्त्री सरावगीले त्यस्तो धारणा राखेका हुन् । एक नं प्रदेशलाई किरात , लिम्बुवान घोषणा गरिनुपर्ने माग उठिरहेका बेला कोचहरुको पक्षमा कसैले पनि आवाज नउठाउनु अन्याय हुने उनले बताए । त्यसैले उनले कोचहरुको पक्षमा आफूले बोल्ने बताए । ' कोच समुदायका सांसदहरु पूर्णसिंह , विद्यानन्दजीलाई मैले भन्दै आएको छु तपाईहरु आफ्नो मुद्धा नछोड्नु होस् 'उनले भने ,'त्यसमा हामी साथ दिन तयार छौं ।' उनले विगतमा पूर्वी नेपाल आदिवासीहरुकै भएको स्मरण गर्दै कतिपय आफ्नै कारणले र कतिपय राज्यको विभेदका कारणले उनीहरु अस्तित्वविहीन बन्न लागेको अनुभव सुनाए । सामाजिक क्रियाकलापसंगै अब कोचहरुले राजनीतिमा बिशेष चासो लिनुपर्ने उनको सुझाव थियो । कार्यक्रममा बिर्तामोड नगरपालिकाका उपप्रमुख पवित्रा महतारा प्रसाई , बिर्तामोड ५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन , बाह्रदशी गाउँपालिका वडा नं १ का वडाध्यक्ष शम्भुसिंह राजवंशी , ३ नं वडाध्यक्ष विरेन्द्र राजवंशी , नेकपा एमाले बिर्तामोडका अध्यक्ष सुवास भट्टराई , आदिवासी जनजाति महासंघ बिर्तामोडका उपाध्यक्ष राजकुमार राजवंशी ,थारु कल्याणकारिणी सभाका जिल्ला सल्लाहकार लवकुमार चौधरी , कोचिला संघर्ष समितिका संयोजक त्रिनारायण राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष रुपा राजवंशीले राखेकी थिइन् ।कार्यक्रमको संचालन सचिव इन्द्रसिंह राजवंशीले गरेका थिए । कार्यक्रममा बिर्तामोड नगरपालिकाका जनप्रतिनिधिहरु भक्तसिंह राजवंशी , गंगा राजवंशी , दिलकुमारी राजवंशी , पूर्णप्रसाद राजवंशी , लक्ष्मी बाँसकोटा , कोचिला एकता मोर्चाका अध्यक्ष दिनेश राजवंशी, राजवंशी चलचित्र कलाकार उत्थान केन्द्रका अध्यक्ष होमनारायण राजवंशीलगायतको उपस्थिति रहेको थियो । यसैबीच अधिवेशनले पुनः सुरेन राजवंशीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ । जसको उपाध्यक्षमा रुपा राजवंशी , सचिव इन्द्रसिंह राजवंशी ,कोषाध्यक्ष झलकसिंह राजवंशी तथा सदस्यहरुमा शर्मिला राजवंशी , शम्भुसिंह राजवंशी , गंगा राजवंशी , पूर्णकुमारी राजवंशी , मेनुका राजवंशी , मनुकुमारी राजवंशी , अन्जु राजवंशी रहेका छन् । त्यस्तै सल्लाहकारमा लखनलाल राजवंशी , जितलाल राजवंशी , भक्तसिंह राजवंशी , दिलकुमारी राजवंशी , सकुन राजवंशी र होमनारायण राजवंशी रहेका छन् ।




## अमरदह गोल्डकपमा ईटहरी विजयी

***पथरीशनिश्चरे (प्रस) ।*** मोरङको सुनवर्षी नगरपालिका-२ अमरदहमा संचालन भैरहेको चौथो अन्तर्राष्ट्रिय आमन्त्रण अमरदह ढल्केजोवन गोल्डकपको दोस्रो खेलमा द योङ्ग ब्रोदर्स ईटहरी सुनसरी विजयी भएको छ ।
शनिबार भएको खेलमा द योङ्ग ब्रोदर्स ईटहरी सुनसरीले हेटौंडाको पिप्ले युवा क्लवविरूद्ध १ -० को अन्तरले गोल गर्दै विजय हासिल गरेको हो ।
३० वर्ष माथिका खेलाडीहरूले भाग लिएको खेलमा पिप्ले युवा क्लब हेटौंडामा अनुबन्धित नाईजेरियन खेलाडी साहिदलगायतका राष्ट्रिय स्तरमा ख्याति कमाएका खेलाडीहरूको प्रदर्शन अति नै प्रतिपर्धात्मक रहेको थियो । खेलको निर्धारित समयको पहिलो हाफमा खेलमा कुनै टिमले गोल गर्न सकेका थिएनन् । दोस्रो हाफ सकिनु १४ मिनेट अगाडि ईटहरी भेट्रान फुटबल क्लबका जर्सी नं ७ का खेलाडी जयनारायण चौधरीले गोल गरेर आफ्नो टिमलाई विजयी तुल्याएका थिए।
शनिवारको खेलमा म्यान अफ दि म्याच इटहरीका खेलाडी जयनारायण चौधरी घोषित भए । उनलाई ५ हजार रुपैयाँ नगदसहित पुरस्कृत गरियो।
आइतबार पूर्वाञ्चल फुटबल क्लब झापा र शुक्रवारको विजेता मानेभञ्ज्याङ भेट्रान क्लब, दार्जिलिङबीच क्वाटरफाइनल खेल हुने आयोजकले जनाएको छ ।

## भद्रपुरमा एमसीसी मत सर्वेक्षण

***भद्रपुर (प्रस) ।*** नेकपा (माओवादी केन्द्र) भद्रपुर नगर कमिटीको प्रचार विभागले शनिबार अमेरिकी सहयोग परियोजना (एमसीसी) नेपालमा चाहिने वा नचाहिने भन्ने सम्बन्धमा मत सर्वेक्षण गरेको छ ।
शहीद सप्ताहको अवसरमा भद्रपुर-५ को वडा कार्यालय अगाडि एमसीसीबारे आमजनताको मत सर्वेक्षण गरेको हो । नगर अध्यक्ष शिवकुमार राजभण्डारीले मुलुकका लागि घातक एमसीसी परियोजना हाल संसदमा प्रस्तुत भएकाले सोको विरुद्धमा जनमत संकलन गरिएको बताए ।
दिउँसो १:३० बजेदेखि ३ बजेसम्म गरिएको मत सर्वेक्षणमा १५४ जनाले मत खसालेका थिए । जसमध्ये १४९ मत चाहिँदैन, ४ मत चाहिन्छ र १ मत खाली (तटस्थ) खसेको थियो । छोटो अवधिमा गरिएको मत सर्वेक्षणमा ९७ प्रतिशतको मत विपक्षमा देखिएको नगर कमिटीका पार्टीका प्रचार विभागका राजु पाठकले बताए ।मत सर्वेक्षणका क्रममा जनमानसमा एमसीसीविरुद्ध ठूलो आक्रोश देखिएको थियो । मत जाहेर गर्नेहरुले सोही क्रममा एमसीसीको आलोचना समेत गरेका थिए ।

ठाकुर पोलिक्लिनिकमा
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि
हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन :०२३–५९०००८, ९८१७९६४७७१



# रानी सामुदायिक वनको अध्यक्षमा पुनः आङ्‌दम्बे

*कुमरखोद (प्रस) ।* झापा गाउँपालिका वडा नं ३, ६ र ७ मा अवस्थित रहेको रानी सामुदायिक वन उपभोक्ता समितिको अध्यक्षमा पुनः नरेन्द्रकुमार आङ्दम्बे निर्वाचित भएका छन् ।

अध्यक्ष पदको लागि २ जना उम्मेदवारहरु चुनावी मैदानमा उत्रिएका थिए । अध्यक्ष पदका लागि नरेन्द्रकुमार आङ्दम्वे र रामप्रसाद उप्रेती , उपाध्यक्षमा प्रेमप्रसाद गणेश र हस्तबहादुर बोहरा , सचिवमा रञ्जिता खड्का र रमादेवी कार्की रहेका थिए । यसैगरी टोल समिति सदस्यहरुमा टोल नं १ मा दिप श्रेष्ठ र सकलदेव हलवाई , टोल ६ मा तोमप्रसाद पनेरु र प्रेमबहादुर कार्की वडा ७ मा धर्मप्रसाद घिमिरे र भिमादेवी प्रसाई चुनावी मैदानमा उत्रेका थिए ।



शुक्रवार राति सम्पन्न मतगणना अनुसार नरेन्द्रकुमार आङ्दम्बे ३९५ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी रामप्रसाद उप्रेतीले ३६५ मत पाएका छन् । त्यसैगरी उपाध्यक्षमा हस्तबहादुर बोहरा ४१२ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी प्रेमप्रसाद गणेशले ३२० मत पाएका छन् । सचिवमा रञ्जीता खड्काले ३५५ मत ल्याई विजयी भएकी छन् भने उनका प्रतिद्वन्द्वी रमादेवी कार्कीले ३५४ मत पाएकी छन् ।

कोषाध्यक्षमा गीता भण्डारीले ३९० मत ल्याई विजयी हुँदा उनका प्रतिद्धन्दी अञ्जना कार्कीले ३२० मत पाएकी छन् ।

त्यसैगरी टोल समिति सदस्यहरुमा टोल नं १ मा सकलदेव हलवाई ९१ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी दिप श्रेष्ठले ८७ मत पाएका छन् । टोल नं. ६ प्रेमबहादुर कार्की ४४ मत ल्याई विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी तोमप्रसाद पनेरुले २१ म्त ल्याएका छन् । टोल नं. ७ मा धर्मप्रसाद घिमिरे ४५ मत ल्याई विजयी भएका छन् उनका प्रतिद्वन्द्वी भिमादेवी प्रसाईले ३३ मत पाएकी छन् ।

रानी सामुदायिक वन उपभोक्ता समितिमा ८ सय ७० मतदाता संख्या रहेको छ । निर्वाचनमा ८ सय १ मत खसेको थियो ।

# झापाका ग्यास र पेट्रोल पम्पमा अनुगमन

*झापा (प्रस) ।* झापाका ग्यास उद्योग, पेट्रोल पम्प र किराना पसलमा सरकारी टोलीले गुणस्तरसम्बन्धी अनुगमन तीव्र बनाएको छ ।

झापा जिल्ला संयुक्त बजार अनुगमन समितिले केही दिनयता दैनिक बजार अनुगमन गरिरहेको छ । बिहीबार र शुक्रबार जिल्लाका तीन ग्यास उद्योग र पाँच पेट्रोल पम्पमा अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी तथा बजार अनुगमन समितिका संयोजक रुद्रप्रसाद न्यौपानेले बताए ।'बजारमा बेथिति नबढोस् र व्यवसायीसमेत सचेत हुन् भन्ने सोचेर अनुगमन कार्यलाई अभियानकै रुपमा बढाएका छौँ', अनुगमन समितिका संयोजक न्यौपानेले भने, 'कहिलेकाहीँ मात्र अनुगमन हुने गरेको भनेर कुरा उठ्ने गरेको छ, तर हामी बजारमा उपभोक्ताको हितका लागि वस्तु तथा सेवाको गुणस्तर कायम राख्न निरन्तर अनुगमन गरिरहेका छौँ ।' अनुगमन टोलीले भद्रपुर-६ मा रहेको पराजुली एन्ड ब्रदर्श ग्यास उद्योग, मेचीनगर-१४ को मेची ग्यास उद्योग र बिर्तामोड-२ मा रहेको पाथीभरा ग्यास उद्योगको अनुमगन गरेको थियो । ती उद्योगले उत्पादन गरी सिलप्याक गरेका सिलिन्डरमा तोकिएको मात्रामा तौल भएको वा नभएको बारेमा टोलीले प्राविधिक परीक्षण गरेको थियो । सिलिन्डरको सिलबन्दीको गुणस्तर, नापतौल, राजस्व बुझाएको कागजपत्र, स्टकलगायतको बारेमा टोलीले अनुगमन गरेको थियो ।झापाका ग्यास उद्योगले उत्पादन गरेका सिलिन्डरको नापतौल र कागजपत्र ठीक अवस्थामा पाइएको अनुगमन टोलीले जनाएको छ । यसैगरी टोलीले मेचीनगरको पूर्वाञ्चल सप्लायर्स, प्रनिक आयल स्टोर्स, नेम्वाङ पेट्रोल पम्प, नन्दा पेट्रोल पम्प, मेट्रो पेट्रोल पम्प र भद्रपुरको सन्तोष ट्रेडिड गरी छ पेट्रोल पम्पमा अनुगमन गरेको थियो । अनुगमनमा आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, गुणस्तर तथा नापतौल कार्यालय, नेपाल आयल निगम, इलाका प्रहरी कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो ।'पेट्रोल पम्पमा पेट्रोलियम पदार्थको घनत्व, मूल्य, नापतौल, कागजपत्रलगायतका विषय परीक्षण गर्दा ठीकै पाइयो', घरेलु तथा साना उद्योग कार्यालय झापाका प्रमुख जय अधिकारीले भने, 'तर, केही पम्पमा सरसफाइको अवस्था सुधार गर्न निर्देशन दिएका छौँ ।' टोलीले ग्यास उद्योग र पेट्रोल पम्पमा अग्नि नियन्त्रण तथा सुरक्षाको अवस्थाका बारेमा समेत अनुगमन गरेको थियो । ती ठाउँमा अग्निसमन सिलिन्डर राखेको पाइएको थियो । अनुगमन टोलीले खाद्य पसलमा अनुगमन गर्दा मेचीनगरका तीन वटा किराना पसललाई जरिवाना गरेको छ । मेचीनगर-६ को गाउँले मासु पसल, देव खुश्वु किराना पसल र मेची मिष्ठान्न भण्डारमा नापतौलका गुणस्तर कायम नभएका कम्प्युटर काटा उपकरण जफत गरिएको अधिकारीले बताए। बजारमा म्याद गुज्रिएका सामान नबेचिउन र गुणस्तरमा लापर्बाही गर्ने व्यवसायीलाई कानुनबमोजिम कारबाही गर्न जिल्लाका सबै पालिकामा बजार अनुगमन निरन्तररुपमा गरिने अनुगमन समितिका संयोजक न्यौपानेले बताए । उनले अनुगमनको क्रममा व्यवसायीलाई उपभोग्य वस्तुको लेबल, गुणस्तर, उत्पादन मिति, समाप्ति मिति, मूल्यसूची, नापतौल, पसल सञ्चालनको अनुमतिपत्र, नवीकरण पत्र अद्यावधिक गर्न निर्देशन दिने गरेका छन् । अनुगमनका क्रममा म्याद सकिएका सामग्री जफल गर्ने, नापतौलका उपकरण जफत गर्ने र पटकपटक सचेत गराउँदासमेत अटेर गर्ने व्यवसायीलाई कारबाही गरिँदै आएको उनको भनाइ छ ।

# काली मन्दिरको उद्घाटन

*झापा (प्रस) ।* सदरमुकाम चन्द्रगढी बजारमा रहेको काली मन्दिरको एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ । वि सं २०२१ सालदेखि चन्द्रगढी बजारमा स्थानीयको सहयोगमा निर्माण भई सञ्चालनमा रहेको मन्दिर :५५ वर्षपछि पुनर्निर्माण गरी उद्घाटन गरिएको हो । मन्दिरको उद्घाटन भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठले गरेका थिए ।

धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले एक करोड ५० लाखको लागतमा काली मन्दिरको पुनर्निर्माण गरिएको मन्दिर निर्माण समितिका अध्यक्ष भीम पौडेलले जानकारी दिए । उनका अनुसार वि.सं २०२१ मा बाँसको टाटीबेरा गरी स्थापित काली मन्दिर २०२७ सालमा थप



व्यवस्थित गरिएको र अहिले मोरङको रङ्गेलीमा रहेको काली मन्दिरको स्वरूपमा बनाइएको छ ।

मन्दिर निर्माणका लागि भद्रपुर नगरपालिकाले २७ लाख रुपैयाँ उपलब्ध गराएको जनाइएको छ । मन्दिर निर्माणका लागि आवश्यक अन्य रकम विभिन्न दाताले सहयोग गरेको मन्दिर निर्माण समितिका कोषाध्यक्ष रमेशकुमार पराजुलीले बताए । उनका अनुसार काली, दुर्गा, गणेश, लक्ष्मी, सरस्वतीका ठूला मूर्ति भारतको राजस्थानबाट र सोही अनुरुपका साना मूर्ति भारतको सिलिगुडीबाट खरिद गरेर ल्याइएको छ । सात लाखको लागतमा मूर्ति खरिद गरेर ल्याइएको मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष मोहन कुमाइ पाण्डेले जानकारी दिए ।

उद्घाटन कार्यक्रममा भद्रपुर नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठ, झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजाल, प्रहरी प्रमुख विश्वमणि पोखरेललगायत विभिन्न दाता, उद्योगी, व्यवसायीको उपस्थिति रहेको थियो ।

# कर्मचारी संगठनको जिल्ला अधिवेशन सम्पन्न




*झापा (प्रस) ।* नेपाल निजामती कर्मचारी संगठनको ११ औं जिल्ला अधिवेशन सम्पन्न भएको छ ।

चन्द्रगढीको प्रशिक्षण केन्द्रमा आयोजित अधिवेशनको उद्घाटन संगठनका केन्द्रीय संयोजक केदारप्रसाद देवकोटाले गरेका थिए । संगठनका झापा अध्यक्ष केदारप्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य बसन्त बानिया, भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठ, झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजाल, पेशागत महासंघका देवराज कार्की, कर्मचारी युनियन संघका जिल्ला उपाध्यक्ष ज्ञानर शिवाकोटीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संगठनका उपाध्यक्ष तेजप्रसाद रेग्मीले सञ्चालन गरेको कार्यक्रममा सांगठनिक प्रतिवेदन सचिव दिपक सापकोटा र स्वागत कोषाध्यक्ष मनोज तिम्सिनाले गरेका थिए । अधिवेशनले आगामी कार्यकालका लागि नयाँ नेतृत्व छनोट गर्ने छ । वर्तमान अध्यक्ष केदार पोखरेल नै पुनः अध्यक्ष बन्ने चर्चा रहेको छ ।

## राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) झापा

मिति २०७८ फागनु १५ को भेला तथा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति ( नियोक) को मिति २)७८ /११/ ०६ को पत्र अनुसार निम्न अनुसारको झापा जिल्ला समिति पुनर्गठन गरीयो ।

| पद | नाम | आवद्ध संस्था |
|---|---|---|
| अध्यक्ष | डा. रुपकप्रसाद खनाल | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान केन्द्रिय उपाध्यक्ष |
| उपाध्यक्ष | कविता शर्मा | WHRD अध्यक्ष तथा नेपाल बार एसोसिएसन सदस्य |
| सचिव | दिपक दास | शुरुवाती कोठा नेपाल आजिवन सदस्य नियोक |
| कोषाध्यक्ष | प्रवचन नेपाल | सहकारीकर्मी आजीवन सदस्य नियोक |
| सह सचिव | छविरमाण निरौला | पूर्व प्राध्यापक |
| सदस्य | एकराज गिरी | सभापति नेपाल पत्रकार महासंघ झापा शाखा |
| सदस्य | धनन्जय बाँस्कोटा | झापा अध्यक्ष राष्ट्रिय मानव अधिकार प्रतिष्ठान |
| सदस्य | नरेश खाती | इन्सेक प्रतिनिधि , झापा |
| सदस्य | हरी गौतम | झापा अध्यक्ष , गैर सरकारी संस्था महासंघ, झापा |
| सदस्य | छविलाल खतिवडा | प्रदेश १ सदस्य गैर सरकारी संस्था महासंघ |
| सदस्य | मिरा भट्टराई | झापा अध्यक्ष एकल महिला तथा शक्ति समुह |
| सदस्य | युवराज रिजाल | सहकारीकर्मी |
| सदस्य | पदम बहादुर कुवर | KNK Sporting Club को सचिव |

# हत्याको आरोपमा ६३ वर्षे गिरी पक्राउ

*झापा (प्रस) ।* लेटाङ नगरपालिका-८ ज्यामिरेकी एक बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा सोहि वडा बस्ने ६३ वर्षे दिपक गिरीलाई प्रहरीले पक्राउ गरेको छ । उत्तरी मोरङको लेटाङ ( जाँते) -८ स्थित लालहिरा सामुदायिक वनक्षेत्रमा १२ वर्षकी करुणा राईको शव ढुंगाले पुरेको अवस्थामा फेला परेको थियो।

गत बुधबार अपरान्ह चार बजे स्कूल छुट्टी भएपछि देखि जाँते मावि, कक्षा-६ अध्ययनरत राई हराईरहेकी थिईन्। बुधबार अपरान्ह ४ बजेपछि स्कूल विदा भई ३ घण्टा टाढामा पर्ने आफ्नो घर फर्कँदै गर्दा बीच बाटोमा सो वनक्षेत्रमा गिरीले बलात्कारपछि हत्या गरी गाडेको प्रहरीसमक्ष बयान दिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

हत्यामा संलग्न भएकालाई कडाभन्दा कडा कारबाही हुनुपर्ने र फासीसम्मको माग गर्दै स्थानीय र विद्यार्थीहरूले दिनभर नाराबाजी गरेका थिए । उक्त घटनामा अरू पनि संलग्न हुन सक्ने भन्दै अन्य केही व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

कोरोनाबाट बचौं र बचाऔं

- पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं ।
- आफूलाई संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौ ।
- संक्रमणको पुष्टि भएपछि अलग्गै बसौं र सम्पर्कमा रहेकालाई जानकारी गराऔं।
- कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौ ?

सचेत बनौं,

ससाना कुरामा ध्यान दिंदा ठूलो जोखिमबाट जोगिन र जोगाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन हुन गइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरूः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन

# अभिव्यक्ति

कविता

## अनुरोध



• पुष्पा खनाल

विध्वंसले साँच्चै देश बन्छ भने साथी
आऊ तिमी मेची थुन, म थुनौँला काली
डुबाइदियौँ देशलाई चारै कुना टाली ।

सक्छौ भने भोटका निम्ति नोट लिन छोड
विवेकको प्रयोग गर, मूर्खतालाई तोड
एक मत गलत खस्दा के के हुन्छ देख्यौ
असल नेता छान्नलाई आफ्नो बाटो मोड ।

विकृतिले साँच्चै देश बन्छ भने साथी
देश जल्दा तिमी र म बजाइरहौँ ताली
राज गरौँ सडकमा नै, संसदलाई फाली ।

रोएका छन् आफ्नै आस्था आफ्नै धरोहर
केही हुन्न सडक पेटी वृक्ष उखेलेर
आफ्नै आमा रुवाएर पाइँदैन सुख
नफालौँ न आफ्नै बुद्धि आफ्नै विवेक खेर ।

विद्रोहले साँच्चै देश बन्छ भने साथी
म बर्साउँछु गोली, वारुद, तिमी बर्साऊ गाली
जम्मा पारौँ भिड अनि, ठोक्न लाऊँ ताली ।

देश बनाउने मान्छे छान्न चुकेपछि हेर
यस्तै हुन्छ फालेपछि आफ्नो मत खेर
आफ्नै मुखमा पर्छ छिटा भन्छन् बुढापाका
आकाशतिर फर्किएर थुकेपछि हेर ।

विध्वंशले देश कवै बन्दैन है साथी
जुट्नुपर्छ विकृति र विसङ्गति फाली
अब हामी चुक्नुहुन्न छान्न देशको माली ।

अब पनि तिमी र म अझै बने मूर्ख
हामीले विवेक गुमाउँछौँ, राज गर्छन् धूर्त
लामो निद्रा सुतिसक्यौँ, जागौँ उठौँ अब
राष्ट्रहित सबको एउटै हुनुपर्छ स्वार्थ ।

२०७८ फागुन १० मङ्गलबार
भर्जिनिया, अमेरिका ।

रचनागर्भः एमसिसिको विरोधमा सडक बलेपछि '.

गजल

## राजनीति



• मनिराम कँडेल

महोदय असलमा सत्य खै कहाँ भेटिन्छ
अक्सर झुट बोल्दिए मान्छे खुसी देखिन्छ

इतिहास बन्नुछ प्यारी सँगै बाँच्ने मर्ने कुरा नगर
यहाँ बिछोडिएकाहरूकै प्रेम कथा लेखिन्छ

महँगो कलमले लेखिएको भए जतन हुन्थ्यो
रगतले लेखिएको प्रेमपत्र हो त्यसैले च्यातिन्छ

काँडा हो र त उलाई कुल्चने प्रयास कोही गर्दैनन्
महोदय मखमललाई त जो कोहिले पनि कुल्चिन्छ

अहो ! हिजो भोट माग्नेले आज कमिसन मागिरहेछ
कस्तो व्यवस्था हो जहाँ सत्तामा मात्रै भिखारी भेटिन्छ।

# बालबालिकालाई मोबाइलको लतः अभिभावक नै दोषी !



• शरद विष्ट

केही अभिभावकको चिन्ताको विषय छ , मेरो छोरो ५ वर्ष भइसक्यो पटक्कै जिब्रो फट्काएर बोल्दैन । मेरो छोरी २ वर्षकी भई अझै राम्रोसँग हिँड्न सक्दैन । उमेर अनुसार छोराछोरी बोल्न , हिँड्न नसक्दा अभिभावक चिन्तित हुनु स्वाभाविक हो । तर कमजोरी अभिभावकमा पनि छ । जब बालबालिकाहरू बामे सर्न खोज्छन् , उनीहरूलाई त्यसो गर्न दिइँदैन । हिँड्ने वेला लड्छौ भनेर हिँड्न दिइँदैन । तोतेबोलीमा बोल्न खोजिरहेको हुन्छ , उसले साथी पाउँदैन । दोहोरो माध्यममा कुरा गर्ने साथी नपाएपछि बोल्न सक्ने भाषाको विकास पनि हुँदैन । चिकित्सक तथा यस विषयमा अध्ययन गरिरहेका मनोवैज्ञानिकहरू प्रकृतिको नियम विपरीत मान्छेले आफ्नो दैनिक गतिविधि अगाडी बढाउँदै जाँदा त्यसको नकारात्मक प्रभाव र परिणाम देखा पर्दै गएको बताउँछन् । आजभोलि हाम्रो दैनिकी यति व्यस्त हुँदैछ कि कसैसँग कुरा गर्ने फुर्सद छैन । हाम्रो व्यवहारको विकास कस्तो हुँदै गयो भने बालबालिकाहरू धुलोमा खेल्न गए कपडा मैलो हुन्छ , हामीलाई धुने फुर्सद छैन । बालबालिकाहरूसँग घर नजिकैको चौरसम्म घुम्न जाने फुर्सद छैन । त्यसैले बन्द कोठामा बच्चाहरूलाई थुनेर राख्ने अनि मोबाइल खेल्न दिने अथवा टिभी हेर्न दिने , आनन्दै । कोठाभित्र पनि सिकाइका विभिन्न क्रियाकलाप अगाडी बढाउन त सकिन्छ । तर पनि बाबुआमा नै मोबाइलमा व्यस्त हुने भएकोले तिनको कुराकानी , छलफल नै सुन्न पाउँदैन भने कसरी भाषाको विकास हुन्छ ? एउटा दुधे सानो बालकलाई पनि आमाले स्तनपान गराउँदा बच्चासँग कुराकानी नगरी आमाले समेत मोबाइलमा गीत , भिडियो , टिकटक हेरेर समय व्यतीत गर्छिन् भने बालकले के सिक्छ ? त्यस्तो दुधे बच्चासँग आमाले आँखामा आँखा जुधाई खुसी मुद्रामा स्तनपान गराउनु पर्छ । बच्चासँग कुराकानी गर्दै बाबा , मामा , चाचा , नानु , सानु भन्दै सुमसुम्याउँदै स्तनपान गराउने वातावरण हराउँदै गएको छ । पहिले संयुक्त परिवारको अवधारणा थियो । परिवारमा बाजे-बज्यै , आमा-बुबा , काका , काकी , फुपू लगायतका सदस्य हुन्थे । आजभोलि परिवारको आकार सानो हुँदै गएको छ । सानो परिवारको चार जना सदस्यमा पनि बाबु-आमा नै जागिरे हुनेले दुधे बालकको स्याहारको लागि पैसा दिएर धाई महिला राख्नाले पनि बालबालिकाहरूको पर्याप्त सिकाई भएको छैन । बालबालिकाहरूले जसरी सिक्यो त्यस्तै जान्ने हो , सिकाइमा बालबालिकाको दोष हुँदैन । बालबालिकालाई कस्तो बनाउने ? भन्ने कुरामा सर्वप्रथम बाबु-आमा , परिवार , समुदाय र विद्यालयको ठुलो भूमिका हुन्छ , त्यो वातावरण हराउँदै गएको छ । भाषाको चार सीप सुनाई , बोलाई , पढाई र लेखाई नै ब्रेकडाउन गरिएको छ । परिणामस्वरुप कतिपय बच्चाहरू तीन वर्ष पुग्दासमेत प्रष्ट बोल्न सक्दैनन् । र , अभिभावकको चिन्ताको विषय बन्न पुग्छ । बालबालिकाहरूलाई समुदायमा घुलमिल हुन नदिनु बाबु-आमाकाको दोष देखिन्छ । हाम्रा आजभोलिका घर पनि प्रायः ढलानवाला बनाउने र चारैतिरबाट पर्खाल लगाई मूल गेटमा ठुलो चेनगेट लगाउने प्रचलन छ । यसबाट बच्चाहरू घरभित्रको साँघुरो घेरामा नै बस्नुपर्ने बाध्यता भएको छ । एउटा सानो बच्चाले न बाहिर गएर खेल्ने , न भित्र कोही साथीहरूसँग खेल्ने मौका पाउँछ । खेल्दै सिक्दै जाने बालबालिकाहरूको उमेरमा हाम्रो ठाडो हस्तक्षेप र बन्देज भएकाले उनीहरूको स्वभाव र व्यवहार मा परिवर्तन देखा पर्दै जानु स्वाभाविक हो । हामीलाई मान्छेमाथि नै विश्वास लाग्न छाडिसक्यो । घर घरमा एउटा भोटे कुकुर पाल्ने र अपरिचित व्यक्ति घरमा आयो भने कुकुर भुक्ने भएकोले त्यो अपरिचित व्यक्तिसँग कसरी चिनजान होस् ? छिमेक, परिवार र समुदायको सम्बन्ध कसरी अगाडी बढोस् ? ' रुख अनुसारको छाया , साइनो अनुसारको माया ' भन्ने उखान आजभोलि हराउँदै गएको छ । बालबालिकाहरूका लागि पहिले र अहिलेका खेलहरू तुलना गर्ने हो भने आकाश पाताल फरक छ । गाउँघरमा , पहिले पहिलेका खेलमा रुमाल लुकाउने , आँगनमा दश कोठाको धर्को कोरेर खेलिने राज्य खेल , परालको थुप्रोमा लुकामारी खेलिने खेल , ओरो-डोरो खेल , मुलाबारीको खलामा खेलिने खेल , मुसा-बिरालो खेल , लक्कु ढाल , पौडी खेल , गोबर मन्टी खेल , दसैँमा चङ्गा उडाउने खेल , भुरुङ्ग नचाउने खेल , डण्डीबियो , ढुङ्गाको कट्टा खेल लगायतका थुप्रै खेल लोप भइसकेका छन् । पुराना खेलको बारेमा अचेलका बालबालिका अनभिज्ञ छन् । यी सबै खेललाई मोबाइल कम्प्युटर , इमेल-इन्टरनेट , टिकटक , फेसबुक युट्यूब भिडियोले विस्थापित गरिसकेको छ । केटाकेटीदेखि बूढाबूढी सम्मको रोजाई मोबाइल भइसकेको छ । बालबालिकाहरू मोबाइलबाटै विभिन्न गेम खेल्न रुचाउँछन् । मोबाइलमा नै अधिक लत भएको बालबालिकाहरू आजभोलि झर्किने , जिद्धि गर्ने , रिसाउने , पढ्न रहर नगर्ने , आफन्तसँग भेटघाट र भलाकुसारी गर्न मन नलाग्ने , एकोहोरो हुने जस्ता स्वभाव देखाउँछन् । परिवार के हो ? , आफन्तसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको नैतिक शिक्षा छैन । नेपालमा मात्र नभएर विश्वका अधिकांश देशमा मोबाइलको बढ्दो प्रयोगले बालबालिकाको शारीरिक , मानसिक र सामाजिक विकासमा ठूलै समस्या पैदा भएको छ । नेपालको शिक्षा क्षेत्र खस्किदै जानुमा पछिल्लो कारणको रुपमा मोबाइलको दुरुपयोग नै हो । मोबाइलकै गलत प्रयोगको कारणले दिनप्रतिदिन हत्या हिंसा , बलात्कार , अपहरण जस्ता सामाजिक समस्या तथा दुर्घटना भइरहेका छन् । यसप्रति राज्यको कुनै चासो छैन । स्पष्ट नीति नियमकै अभाव र कानुनको पालना नगर्नाले नेपालको सामाजिक सञ्जाल त्यति विश्वसनीय र भरपर्दो छैन । बालबालिकाको मानसिक, शारीरिक, संवेगात्मक र सामाजिक विकासको लागि सबै अभिभावकले आफ्नो बालबालिकाको सुन्दर भविष्यको लागि मोबाइलको लतबाट छुटाउन जरुरी छ । मोबाइलको गलत प्रयोगले बालबालिकाहरू बिग्रन दिनु हुँदैन । किनभने आजका बालबालिका भविष्यका कर्णधार हुन् ।

कथा :

# डिभोर्सी प्रेमी



• सीता न्यौपाने

मेरो कोठाबाट अफिस हिँडेर तीस मिनेटमा पुगिन्छ । गाडीमा गयो भने जामले पैतालिस मिनेट लाग्छ । आफ्नै सवारीसाधन एउटा स्कुटर किन्ने पैसा नजुट्नु र खुराफाती गर्न मनले नमानेर पनि हो । अफिसबाट हिँड्दै कोठा गइरहेकी थिएँ, नयाँ बानेश्वर चोकमा अचानक प्रवेशसँग भेट भयो । जो मान्छेको छाँया पनि देख्न नपरोस् भन्ने लाग्थ्यो, उहीसँग भेट भो ।प्रवेशसँग दश वर्ष अगाडि कलेजमा भेट भएको थियो । ब्याचलर पहिलो वर्षमा थिएँ म, ऊ दोस्रो वर्षमा थियो । कलेजले पिकनिक लैजाने क्रममा उसँग चिनजान भयो । उसले भने मलाई पहिलेदेखि ख्याल गरेको रहेछ । त्यसपछि चिनजानसँगै कलेजबाहेक अन्य ठाउँमा हाम्रो भेटघाट बाक्लिदै गयो । उसले विस्तारै आफ्नोपनको आभाष दिलाइरहेको जस्तो लाग्यो ।एकदिन शनिबार बिहान म खाना बनाउँदै थिएँ । उसको मोबाइल नम्बरबाट 'आइ लभ यू' भनेर मेसेज आयो । डाडु हातमै थियो, हातैमा राखेर नाच्न पो थालेछु । शनिबार भनेर दुईचार थरिका खानेकुरा पकाएकी थिएँ तर भोकै हरायो । म घरि नाच्ने, घरि बेडमा पल्टिन थाले । खुसीले पनि बेचैन बनाउँदो रहेछ मान्छेलाई । मलाई यो खुसीको कुरा कसलाई पो सुनाऊँ भयो । सबैभन्दा पहिला आफ्नै बहिनीलाई सम्झे । बहिनीलाई फोन गर्नै लागेको थिए, प्रवेशको अर्को मेसेज आयो । मेसेज थियो,' अघिको मेसेज झुक्किएर तिमीलाई आएछ, सरी है' अरे ! मजाकको पनि हद हुन्छ नि यार । बेलुका फेरि उसको फोन आयो । यसको अब खैरियत छैन भन्दै फोन उठाएँ । उ बिस्तारै बोल्यो, 'बिहानको मेसेज नि खास तिमीलाई नै पठाएको थिएँ, लास्टै डर लाग्यो र दोस्रो मेसेज गरेको थिएँ ।' अब मलाई के बोलुँ, के नबोलुँ भयो । ऊ मसँग डराउँदो पनि रहेछ भनेर म क्षणभरमै पग्लिएँ । गाली गर्छु भनेर जुरमुरिएको म एकाएक शान्त भएँ । मनमा ऊ प्रतिको प्रेम अगाध रहे पनि केही दिनमा जवाफ दिन्छु भनेर फोन राखे । उसले त्यो पल भनेको थियो, 'म बूढो भएर दाँत झरेपछि मात्रै जवाफ नदेऊ है, अलि बेलैमा देऊ ।' उसको कुरा सुनेर म हाँसे । विना जवाफ म उसँग नजिकिदै गएँ । मेरो एक प्राइभेट कम्पनीमा जागिर थियो । त्यसैले, ऊसँग बिताउन मसँग प्रशस्त समय थिएन । एकदिन उसले मलाई शनिबार आफ्नो कोठामा खाना खाने गरी बोलायो । म उसको कोठामा पुगेकी मात्रै के थिएँ, कसैले ढोका ढक्ढकायो । मलाई असाध्यै डर लाग्यो । उसले पनि को आयो यति बेला भन्दै विस्तारै ढोका खोल्यो । ढोकामा घरबेटी आएकी रहेछिन् । घरबेटीले प्रवेशलाई काँच्चै खाउँला झैं गरिन् । तीन महिना भयो घरभाडा नतिरेको, कहिले तिर्ने हो ? अर्काको घरमा बसेर भाडा तिर्नु पर्दैन ? लाजसरम नै छैन यी गाउँका मान्छेलाई भन्दै उनी जुरमुरिइन् । ढोकाबाट मलाई नियाल्दै उनले झन् ठूलो स्वरमा कराउन थालिन् । वाह, केटी डुलाउन पुग्छ तर घरभाडा छैन ।घरबेटीको कुरा सुनेर मलाई असाध्यै रिस उठ्यो । म प्रवेशको प्रेमिका थिएँ, उनले कसरी मलाई डुलुवाइ भन्न सकिन् ? दुई दिन अगाडि अफिसमा बुझेको तलब बैंकमा राख्न नभ्याएर मेरो ब्यागमै थियो । मैले तीन महिनाको घरभाडा खन खन गन्दिएँ । उनले मुख बन्द गरेपनि आँखा ठूलो पार्न छोडिनन् ।

प्रवेशको स्थायी घर जाजरकोट थियो । उसले आफ्ना आमाबुवालाई पैसा पठाउन ढिला गरेको भनेर गाली गर्यो । मैले उसलाई त्यसो नगर्न सम्झाएँ । 'आमाबाबुले कहिले पैसा पठाउनु हुन्छ भन्दै कुरेर किन बस्नु यत्तिको लक्का जवान छोराले' भन्न मन लागेपनि म केही बोलिनँ । तर, मेरो एक महिनाको कमाई एक निमेषमै सकिएको थियो । अब आफू पो कसरी चल्ने भन्ने थियो । तर आफ्नो प्रेमीले त्यसरी गाली खाइरहेको पनि कसरी हेर्नु ?भोलिपल्ट, अफिसमा एडभान्स सेलेरी माँगे । एकाउन्टेन्ट सरले जिस्किाउँदै भने, 'राम्री मान्छेलाई के समस्या पर्यो ? पढेलेखेको, जागिरे, अलिअलि पैसा भएको ब्वाइफ्रेन्ड बनाउनु । भैपरि आउने समस्यामा साथ दिन सक्ने साथी बनाउनुपर्छ क्या लाटी ।' तर म त्यतिबेला प्रेममा थिएँ, उनको कुरा नै सही हो भन्ने लागेन । राम्रो दिनको प्रतिक्षा थियो मलाई । पन्ध्र दिनमा घरबाट पैसा आएको भन्दै उसले मलाई लिन बोलायो । 'अहिले सबै दिन सक्दिनँ, केही थोरै लैजाऊ' भन्यो । तर म भित्र 'महान्' बन्ने भूत सवार थियो । आफ्नो प्रेमीको कोठा भाडा तिरेको पैसा कोही फिर्ता लिन्छ ? उसलाई फिर्ता गर्न पदैन भनें ।
समयसँगै हामीले एकअर्काका सुख-दुःख जान्दै गयौ । अझै भन्नुपर्दा उसका समस्या मैलै बुझ्दै गएँ । उसको घरबाट पैसा आउन सधैं ढिला हुन्थ्यो । मैले उसलाई जागिर गर भन्न नसकेपछि उसका कोठामा चाहिने ग्याँस, चामलका बोरा हुँदै चिनी र चियापत्ति किनिदिनु पर्ने अवस्था आयो । हुँदा-हुँदा उसले मलाई तिम्रो तलब आउने बेला भएन भनेर सोध्न थाल्यो । मेरो बाबुआमाले आजसम्म नसोधेको कुरा उसले कसरी सोध्न सक्यो ? काम गर्ने म, तलबको दिन गनेर बस्ने ऊ ? क्रोधले सीमा नाघेपनि सम्बन्ध बिग्रिने डरले फेरि पनि केही बोलिनँ । मेरो आफ्ना आवश्यकता मार्दै उसको खुसीको लागि जे भन्यो, त्यही पुर्याउन थालें । उसलाई ठूलो कुरा गर्दै फुर्सद थिएन । बिजनेस गर्छु, यस्तो गर्छु, उस्तो गर्छु, लक्जरी गाडी किन्छु लगायतका थुप्रै गफ । म भने दुइतिरकै नुन र तेलमै रुमल्लिरहेको थिएँ । ब्याच्लर सकेर हामी विदेश जाने योजनामा थियौ । आशा थियो, उसले विदेश गएर मिहिनेत गर्नेछ । त्यसैले यतिबेलाको दुःख मेरो भागमा परेको जस्तो लाग्थ्यो । एकदिन म अफिसमा काम गरेर बसेकी थिएँ । प्रवेशको फोन आयो, बोलीमा केही असन्तुष्ट छ भन्ने भान भयो । मैले सोधे के भयो ? उसले एकाएक कल्पनै नगरेको कुरा गर्यो । लभ गरेर आफ्नो पढाइ बिग्रेको भन्दै ब्रेकअप गर्नुपर्ने बतायो । र, अन्तिममा उसले म उसको सबैभन्दा ठूलो टेन्सनको भारी भन्दै फोनसमेत नगर्न आग्रह गर्यो । ऊफ् हातगोडा गलेर फतक्कै भए उसको कुरा सुनेर । रुन पनि सकिनँ अफिसमा । असाध्यै कमजोर महसुस गरें । अब के गर्नुपर्छ भन्ने दिमागले कामै गरेन । उसलाई मैले एकपटक भेट्न अनुरोध गरे । उसले दुई दिन पछिको समय दियो ।
त्यो दुई दिन मलाई पुरै ज्वरो आयो, अफिस जान पनि सकिन । हातखुट्टा थरथराउँदै म उसले भनेको ठाउँमा पुगे । धेरै कुरा गर्छु भनेर गएकी थिएँ, तर उसलाई देख्ने बित्तिकै आँसु टिल्पिलाउन थाले । रोक्ने कोसिस गर्दागर्दै भक्कानिएँ । जो मान्छे मलाई सदाका लागि छोड्न चाहेको थियो, उसैको अगाडि यति लाचार बन्नुपर्ने यो कस्तो दुर्भाग्य ? मलाई उसले रोएर बेइज्जत नगर्न धम्क्याइरहेको थियो । तर म देखाउनकै लागि रोएकी थिइनँ । ऊ मलाई कन्भिन्स गर्ने पुरा तयारीका साथ आएको थियो । मैले हार खानुको विकल्प थिएन र भएन पनि । म जत्तिको हयान्डसमसँग बिहे गर्ने केटीसँग धेरथोर पैसा पनि हुनुपर्छ के, नत्र मेरो महत्व नै रहेन नि । तिम्रो व्यवहार सरल छ, इमान्दार पनि छौ, तर तिमीसँग पैसा छैन । तिमी गरिब, म पनि गरिब कसरी चल्छ जिन्दगी ? अनि मैले अर्को पैसा भएकी केटी खोज्न परेन ? म कुनै पनि हालतमा गरिब भएर बाँच्ने छैन । मेरो भविष्य उज्ज्वल होस्, म सुखले बाँचोस् भन्ने लाग्छ भने बिन्ती मलाइ बिर्सिदेऊ । उसका कुरा सुनेर म भित्रैदेखि बलियो भएर आएँ । बल्ल मेरो आवाज फुट्यो । मैले भने, 'जिन्दगीको कुनै समयमा पुगेर मलाई छोडेकोमा पछुतो लाग्यो भनेपनि फर्केर आउने छैन भनेर वाचा गर ।' उसले मेरो कुरा सकिन नपाउँदै भन्यो, 'कौन कम्बक्त फिरेगा' । मेरो प्रेम, त्याग, समर्पणले पैसाको अगाडि डेग चलाउन सकेन । त्यसपछि, म त्यहाँबाट निस्के ।....

त्यसपछि आज ऊसँग भेट भएको थियो । मन नहुँदा नहुँदै उसको कथा सुन्नु परेको थियो । तिमीलाई छोडेपछि म पोखराकी एक जना केटीसँग फेसबुकमार्फत् जोडिएँ । उनको बुवासँग टन्न पैसा थियो । करिब ६ महिना फेसबुक डेटपछि हामीले घरपरिवारको सहमति विना बिहे गर्यौं । उनीसँग क्यानाडाको भिसा थियो । बिहेपछि उनको परिवारले हामीलाई क्यानडा पठाइदिए । उनकै कारणले म त्यहाँ पुगेको थिए । नत्र मेरो आफ्नै हैसियत दुवई, मलेशिया जान सक्ने पनि थिएन । मेरो जिन्दगी सोचेअनुरुप नै चलिरहेको थियो । तर विदेश गएपछि उनले केही फरक व्यवहार गर्न थालिन् । मेरो पैसामा आएको भनेर मलाई सक्दो दबाउने कोसिस गर्थिन् । कामबाट आएपछि खाना बनाउने, लुगा धुने, भाँडा माझ्ने, घर सफा गर्ने काम सबथोक म आफै गर्थे । कहिलेकाँही सुत्नेबेला उनी बडी मसाज गर्न लगाउँथिन् । मैले श्रीमतीको बडी मसाज गरिदिनुमा कुनै आपत्ति देखिन । एकदिन श्रीमतीको आफन्ती दिदी हाम्रोमा आइन् । श्रीमतीले भनिन्,'दिदी ज्वाँइले असाध्यै राम्रो बडी मसाज गर्नुहुन्छ ।' उनले त्यति के भनेकी थिइन्, ती जेठानी दिदी वन्डरवेयर बाहेक सबै लुगा फुकालेर वेडमा पल्टिइन् । मन नलागेरै पनि मैले दिदीको बडी मसाज गरिदिएँ । पछि तिनी दिदी हाम्रोमा आएर हप्तादिनै बस्न थालिन् । ज्वाँइको मसाज बिर्सनै सकिनँ भन्दै आउँथिन् । उनीहरु दुवैको लागि खाना बनाउनु, उनीहरुको लुगा धुनु मेरो काम थियो । आफ्नो बूढीको त ठिकै छ, जेठानी दिदीको समेत पेन्टी, ब्रा धुन पर्थ्यो । मैले सहँदै गए, श्रीमतीले अन्य आफन्त केटीसाथीहरुलाई पनि मैले राम्रो बडी मसाज गर्ने कुरा सुनाइछन् । हप्तैपिच्छे घरमा कोही

❖ बाँकी तेस्रो पृष्ठमा

## डिभोर्सी ...

न कोही मबाट मसाज गराउन ओइरिन थाले ।

एकदिन मैले यो विषयमा श्रीमतीसँग कुरा गरे । उनले जवाफ फर्काइन्, 'त्यति जाबो बडी मसाज गर्दिदैमा तिम्रो के जान्छ ?' आफ्नो बूढालाई आफन्तका माझ लिलाम गरेको कुरालाइ उनले यति सहज ढंगले लिइन् । त्यसपछि हरेक दिन झगडा हुन थाल्यो । हरेक झगडामा आफूले पैसा खर्च गरेको भन्दै मलाई नीच देखाउँथिन् । झगडा पैसामा जोडिएपछि म बोल्न सक्तिनथे । उनको व्यवहारले म विस्तारै डिप्रेशनमा जान थालें । एकजना साथीले मेरो उद्धार नगरेको भए, सायद मैले आत्महत्या गर्ने थिएँ । साथीले डिभोर्स गर्न सम्झायो र हामी कानुनी बाटो हुँदै अलग्गियौ । डिभोर्स भएको दिन मैले आफ्नो शरीरभित्र बल्ल सञ्चार वायु छिरेको अनुभव गरेको थिएँ । लामो समयपछि सास फेरेछु जस्तो लागेको थियो । म नेपाल फर्किएको चार महिना भयो, अब विदेश जान्न । यही देशमा आफूले सक्ने सानो पसल गरेर बस्ने योजनामा छु । मैले केही प्रगति गर्न त सकिन तर पैसा मात्रै सबथोक रहेनछ भन्ने बुझेर आएको छु । सम्मान विनाको जिन्दगी पैसा विनाको जिन्दगीभन्दा मुस्किल रहेछ । तर अचम्म यही लागेको छ, यत्तिका वर्षपछि भेट् हुँदा तिमीलाई सिङ्गल नै भेट्छु भन्ने लागेकै थिएन । यो संयोग भगवानको इच्छा पनि हुन सक्छ, पुराना सबै कुरा बिर्सिएर हामी फेरि एक हुने पो हो कि ? आफूभन्दा धेरै माया गरेको मान्छेसँग घिन पनि लाग्ने रहेछ । आज मलाई साँच्चै यो मान्छेप्रति दया लागेर आयो । धेरै बोल्न मन लागेन, प्रतिउत्तरमा उसलाई मैले विगत सम्झाएँ । तिमीले जिन्दगीको कुनै समयमा पुगेर मलाई छोडेकोमा पछुतो लाग्यो भने पनि, फर्केर आउने छैन भनेर वाचा गरेका थियो । मलाई थाहा थियो, तिमी पछुताउनेछौ । मेरो कुराले उ नतमस्तक बनेको थियो, पश्चाताप देखाइरहेको थियो । मेरो अगाडि कोही मान्छे लाचार बनेको हेर्नै मन लाग्दैन, त्यसैले मैले आफ्नो बाटो तताएँ ।

# राजवंशी समाज झापाको अध्यक्षमा पुनः तेजनारायण

***कुमरखोद (प्रस) ।*** राजवंशी समाज विकास समिति झापा गाउँपालिकाको अध्यक्षमा पुनः तेजनारायण राजवंशी सर्वसम्मत चयन भएका छन् ।



डिल्लीराज माविको सभाहलमा सम्पन्न दोस्रो अधिवेशनवाट तेजनारायण राजवंशी दोस्रो कार्यकालको लागि पुनः अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् । राजवंशीको नेतृत्वमा १५ सदस्यीय गाउँ कार्यसमिति सर्वसम्मत चयन भएको हो । समितिको उपाध्यक्षमा भगदेव राजवंशी , महिला उपाध्यक्ष मागवती राजवंशी , सचिवमा पर्वत राजवंशी , सहसचिवमा अरुणकुमार गणेश , कोषाध्यक्षमा गंगाकुमारी राजवंशी रहेका छन् । त्यसैगरी सदस्यमा सुर्जा राजवंशी , राप्ती राजवंशी, दिपक राजवंशी , झपटलाल राजवंशी , सुधिर राजवंशी , चम्पाकुमारी राजवंशी , ईन्द्रा राजवंशी र बबिता राजवंशी रहेका छन् ।

तेजनारायण राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा राजवंशी समाज विकास समिति जिल्ला अध्यक्ष दिनेश्वरप्रसाद राजवंशीको प्रमुख आतिथ्यतामा रहेको थियो । कार्यक्रममा केन्द्रीय सल्लाहकार मोहनकुमार राजवंशी, जिल्ला सदस्य सामवती राजवंशी , जगन्नाथ राजवंशी , गौरीशकर राजवशी, कोकिलप्रसाद राजवंशी , गोविन्द राजवंशीलगायतले मन्तव्य राख्दै नवनिर्वाचितलाई शुभकामना दिएका थिए । पर्वत राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रम देवेन्द्रचन्द्रसिंह राजवंशीले संचालन गरेका थिए ।

# उद्घाटन खेलमा दार्जिलिङ भेट्रान विजयी

***झापा (प्रस) ।*** चौथो अन्तर्राष्ट्रिय आमन्त्रण अमरदह ढल्केजोवन गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा दार्जिलिङ भेट्रान क्लब विजयी भएको छ । शुक्रबार सशस्त्र प्रहरी बल १ नं बाहिनीका प्रमुखसमेत रहेका डिआइजी कमल गिरीले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

मानेभञ्ज्याङ भेट्रान फुटबल क्लब दार्जिलिङ र सशस्त्र प्रहरी बल( एपीएफ) टिमबीच उद्घाटन खेल भएको थियो।

फागुन १४ गतेदेखि सुरु हुने भनिएको उक्त प्रतियोगिता सुरक्षा संवेदनशीलताका कारण एकदिन अगावै सुरु भएको हो । ३० वर्ष माथिका खेलाडीहरूले भाग लिएको प्रतियोगिताको उद्घाटन खेलमा अति नै प्रतिपर्धा भएको थियो। खेलमा निर्धारित समयमा दुवै टिमले १ /१ गोल गरेका थिए। अतिरिक्त समयमा पनि बराबरी



गोल भएपछि टाइब्रेकरको सहारा लिनु परेको थियो । टाईब्रेकरमा मानेभञ्ज्याङ भेट्रान फुटबल क्लब दार्जिलिङले एपीएफलाई ३ का विरुद्ध ४ गोल गरी विजयी भएको हो । उक्त खेलमा दार्जीलिङका गोलकिपर उत्कृष्ट ठहरिए । उनलाई ५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको थियो। अमरदह ढल्केजोवन युवा क्लबको ज्ञान, एकता मित्रता सदभाव सुनबर्षीको पहिंचान भन्ने मुल नाराका साथ सुनबर्षी नगरको शानको रुपमा चौथो अन्तर्राष्ट्रिय आमन्त्रण अमरदह ढल्के जोवन गोल्डकप रहेको अध्यक्ष प्रताप तामाङले बताए ।

# कनकाईको वडास्तरीय फुटबलको उपाधि ५ लाई



***कनकाई (प्रस) ।*** कनकाई नगर खेलकुद विकास समितिले संचालन गरेको वडास्तरीय नकआउट फुटबल प्रतियोगिताको उपाधि वडा नं.५ ले जितेको छ ।

शुक्रबार वडा नं.३ र वडा नं.५ बीच भएको फाइनल खेलमा १–० गोलको अन्तरले वडा नं. ५ विजयी बनेको हो । विजेता टिमका खेलाडी भीम मगरले खेलको १२ औं मिनटमा गरेको गोल नै निर्णायक बनेको खेल संयोजक गोविन्द उप्रेतीले जानकारी दिए । विजेता टिमलाई कार्यक्रमका प्रमुख अतिथि कनकाई नगरपालिकाका प्रमख राजेन्द्र पोखरेलले नगद ५१ हजार, प्रमाणपत्र र ट्रफी प्रदान गरे । त्यस्तै उपविजेता टिम कनकाईको वडा नं. ३ लाई नगद ३१ हजार, प्रमाणपत्र र ट्रफी प्रदान गरिएको थियो ।

खेलको म्यान अफ द म्याच विजेता टिमका गोलकर्ता भीम मगर घोषित भए । उनलाई खेल संयोजक उप्रेतीले म्यान अफ द म्याचको पुरस्कार प्रदान गरेका थिए । त्यस्तै कनकाई ३ का खेलाडी सनम देवान खेलको म्यान अफ द सिरीज घोषित भए । उनलाई कनकाई नगरपालिकाकी उपप्रमुख प्रसाईंले पुरस्कार वितरण गरेकी थिइन् ।

त्यस अवसरमा यसअघि सम्पन्न कनकाई नगरक्षेत्रको वडास्तरीय कराँते प्रतियोगिताका विजेता खेलाडीलाई पुरस्कार, ट्रफी र प्रमाणपत्र वितरण गरिएको थियो ।

# देउवा निर्णायक मोडमा

***झापा (प्रस) ।*** अमेरिकासँगको एमसीसी सम्झौता संसद्बाट अनुमोदन गर्ने विषयमा सत्तारुढ गठबन्धन विघटनको डिलमा छ। सात महिनाअघि तत्कालीन केपी ओली नेतृत्वको सरकार प्रतिगामी र निरंकुश भएको भन्दै सरकारविरुद्ध एकताबद्ध भएका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) एमसीसीलाई लिएर विभाजित मनस्थितिमा छन् । गठबन्धनमा सहमति नजुटेपछि कांग्रेस सभापति एवम् प्रधानमन्त्री देउवाले विपक्षी दल नेकपा एमालेसँग सहकार्यका लागि संवाद गरिरहेका छन् । तर, एमसीसी सम्झौता संसदमा पेस भए पनि त्यसमाथि सैद्धान्तिक छलफलसमेत हुन नसकेको अवस्थामा प्रधानमन्त्री देउवा भने त्यसमाथि निर्णायक कदमको तयारीमा छन् । एमसीसी सम्झौता संसद्बाट अनुमोदनका लागि अमेरिकाले तोकेको समयसीमा अनुसार अब एक दिनमात्रै छ । आइतबारको प्रतिनिधिसभा बैठकमा एमसीसी सम्झौता छलफलका लागि पेस गर्ने सम्भावित कार्यसूची छ । त्यसो त, एमसीसी सम्झौता संसदमा टेबल भएपछि सैद्धान्तिक छलफल समेत हुन नपाई दुईवटा बैठक स्थगित भइसकेका छन् ।

गठबन्धन र विपक्षी एमालेसँगको संवादमा सहभागी एक नेताले आइतबारसम्ममा प्रधानमन्त्री देउवाले निर्णायक मुभ लिने बताए । 'हामीले गठबन्धन र एमाले दुवैसँग समानान्तर संवाद गरेका छौं, गठबन्धनको जगमा सरकार बनेको हिसाबले त्यसप्रति हाम्रा कतिपय दायित्व छन्, त्यसैले गठबन्धनमा संवाद भइरहेको हो,' शनिबार एमाले अध्यक्ष ओलीको निवास बालकोटमा छलफलपछि ती नेताले भने, 'अब पनि गठबन्धनमा सहमति नभएको अवस्थामा तुरुन्तै एमालेसँग सहकार्यको वातावरण तयार भएको छ ।'

गठबन्धनसम्बद्ध दल माओवादी केन्द्रले एमसीसी सम्झौताको विपक्षमा मतदान गर्ने निर्णयलगत्तै प्रधानमन्त्री देउवाले विपक्षीसँग निकटता बढाएका थिए । देउवाले विकल्पमा विपक्षीलाई रोजेपछि गठबन्धन दलहरू झस्किएका थिए । स्रोतका अनुसार एमसीसीका विषयमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पटक-पटक छलछाम गरेको भन्दै प्रधानमन्त्री देउवा रुस्ट बनेका छन् । 'माओवादीको छलछामले प्रधानमन्त्रीलाई वाक्कदिक्क भइसकेको छ, यो गठबन्धन सरकार भएकाले कुरा सुन्नुपर्ने, पर्खिनुपर्ने बाध्यता छ,' ती नेताले भने, 'तर अब पनि गठबन्धनमा एमसीसीको पक्षमा बहुमत नजुटे विपक्षीसँग सहकार्य गर्नुपर्ने बाध्यता छ ।'

माओवादी केन्द्र र एकीकृत समाजवादी एमसीसीको विपक्षमा छन् भने जसपामा पनि मतभेद छ, तर पक्ष वा विपक्षमा उभिने भनेर निर्णय गरिसकेको छैन । एकीकृत समाजवादीसमेत माओवादी केन्द्रको निर्णयबाट प्रभावित भएको कांग्रेस नेताहरूको बुझाई छ ।

# इलाम अस्पतालको डायलासिस मेसिन सञ्चालन गर्न पहल

***झापा (प्रस) ।*** 'इलामका सहयोगीदाताहरू' नामक संस्थाले इलाम अस्पतालमा रहेको डायलासिस मेशिन सञ्चालन गर्न पहल थालेको छ ।

मिर्गौलाको परीक्षणका लागि आवश्यक सो मेसिन धरानको रोटरी क्लबमार्फत एक वर्षअघि उपलब्ध भएको थियो। तर, दक्ष जनशक्ति र आर्थिक अभावमा तीनवटा मेसिन सञ्चालनमा आउन सकेको छैन । संस्थाले जिल्लास्थित सरोकारवालाबीच पहल गर्न आग्रह गर्दै तत्काल धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रमा इलाम अस्पतालका प्राविधिकलाई मेसिन सञ्चालनका लागि तालिम लिन पठाउने निर्णय गरेको छ । संस्थाका अध्यक्ष रतनलाल चौधरीले मेसिन चलाउन प्रतिमहिना पाँच हजार रूपैयाँ पाँच वर्षसम्म दिने घोषणा गरेका छन्। 'उपकरण भएर पनि प्रयोगमा नआउँदा धेरैले झन्झट खेप्नु परेको छ,' चौधरीले भने, 'जसरी भए पनि जिल्लामा नै सेवा दिने पहलमा लागेका छौं।' २०७३ सालमा स्थापित सहयोगी हातले न्यून आयस्तर भएका २५० भन्दा धेरैलाई उपचार सहयोग पुर्‍याइसकेको छ। संस्थाको कोषमा ४५ लाख रूपैयाँभन्दा बढी रकम जम्मा छ। यही कोषमा पछिल्लो पटक स्थानीय मनकुमारी उप्रेतीले ५० हजार रुपैयाँ सहयोग गरेकी छन्। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रभु शाहले तत्काल एक जना स्वास्थ्यकर्मीलाई तालिमका लागि पपठाउने तयारी भइरहेको बताए। मेसिन सञ्चालन गर्ने जनशक्ति भए जिल्लावासीले जिल्ला बाहिर जानुपर्ने बाध्यता हट्ने छ।

# क्षितिज नृत्य साधना प्रतिष्ठानको अधिवेशन सम्पन्न

***झापा (प्रस) ।*** क्षितिज नाट्य प्रतिष्ठानको विभागीय समिति क्षितिज नृत्य साधना प्रतिष्ठान झापाको प्रथम अधिवेशन सम्पन्न भएको छ । मोडल तथा चलचित्रकर्मी सबिता रेग्मीको अध्यक्षतामा ९ सदस्यीय समिति निर्वाचित भएको निर्वाचन अधिकृत सप्तक संगीत विद्यालयकी संञ्चालिका तथा प्रशिक्षक आकृति खतिवडाले जानकारी दिएकी छन् । प्रदेश न.१ कै पहिलो ऐतिहासिक बहुजाति,बहुभाषी,बहुसाँस्कृतिक संग्रहालयसहितको निर्माणाधीन झापा नाटक घर परिसरमा आयोजित भेलाबाट गठित समितिको उपाध्यक्षमा माधव भेट्वाल, महासचिव सरिता अधिकारी, सचिव चन्दा दाहाल र कोषाध्यक्षमा गीता खतिवडा निर्वाचित भएका छन् । यसैगरी सरोज अधिकारी ,पुरण विश्वकर्मा, प्रवीण खड्का र विनय पाँचकोटी सदस्यमा निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।



प्रतिष्ठानका बरिष्ठ उपाध्यक्ष हरिप्रसाद भण्डारीको अध्यक्षतामा आयोजित कार्यक्रमलाई साहित्य प्रतिष्ठानका अध्यक्ष तुलसीप्रसाद भट्टराई ,उपाध्यक्ष दुर्गाप्रसाद सिग्देलले प्रतिष्ठानको विधि,पद्धति र नीति निर्देशनबारे प्रकाश पारेका थिए ।नाट्य विभाग प्रमुख गजेन्द्र पृथकले स्वागत मन्तव्य गरेको अधिवेशनको सञ्चालन अभियन्ता माधव कल्पितले गरेका थिए ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नसक्छ । बोलीमा अङ्कुश लगाएकै बेस हुनेछ ।

**वृष** लगानीमा रहेको रकम फिर्ता आउनसक्छ । प्राविधिक विषयमा रूचि जाग्नेछ ।

**मिथुन** वित्तिय संस्थाबाट सहयोग पाइनेछ । सहयोगी हातहरू पनि अघि बढ्नेछन् ।

**कर्कट** पारिवारिक सदस्यबाट सहयोग मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण रहला ।

**सिंह** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । सम्पत्ति हात पर्ने योग छ ।

**कन्या** मित्रवर्गबाट राम्रो सहयोग मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**तुला** प्रसन्नतापूर्वक समय व्यतीत हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**वृश्चिक** आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । नयाँ वस्त्र र अलङ्कार प्राप्ति हुनेछ ।

**धनु** आँटेको काममा ढिलासुस्ती हुनेछ । विलासिताका सामग्रीमा खर्च पनि बढ्नेछ

**मकर** नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ । प्राविधिक क्षेत्रमा रूचि बढ्नेछ ।

**कुम्भ** काम गर्ने हौसला मिल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

**मिन** आँटेको र ताकेको कार्य पुरा हुनेछ । रमाइलो यात्राको योग रहेको छ ।